## मिति २०७३/०६/१७ मा बसेको सचिव बैठकका निर्णयहरु

| क्र.सं. | निर्णयहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| १. | कार्यसम्पादन करार गर्ने/गराउने व्यवस्थालाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न अघिल्लो सचिव बैठकले गरेको निर्णयको प्रगति सन्तोषजनक नरहेकोले कार्य सम्पादन करार गर्न बाँकी रहेका सबै मन्त्रालय/निकायहरुले आगामी कार्तिक मसान्त सम्म अनिवार्य रुपमा कार्यान्वयन गर्ने । | सबै मन्त्रालय/निकायहरु | सम्बन्धित मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कार्तिक मसान्त भित्र |
| २. | चालू आ.व.मा कम्तिमा ८० प्रतिशत पूँजिगत खर्च हुने गरी सबै मन्त्रालय/निकायले अनिवार्यरुपमा कार्ययोजना/कार्यतालिका बनाई कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउने। | सबै मन्त्रालय/निकायहरु | महालेखा नियन्त्रकको कार्यालय | अर्थ मन्त्रालय | निरन्तर |
| ३. | दशैंको विदामा काठमाण्डौबाट बाहिर जाने यात्रुहरुको अत्यधिक चापलाई ध्यानमा राखि सर्वसाधारणलाई सहज रुपमा यातायात सुविधा उपलब्ध हुने प्रबन्ध मलाउने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | गृह मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक तथा पूर्वाधार विकास महाशाखा) | तत्काल |
| ४. | दशैको टिका र तिहारको भाईटिकाको सार्वजनिक विदाका महत्वपूर्ण दिनहरुमा आम यात्रुहरुको सुविधाको लागि सरकारी स्वामित्वमा रहेका ठूला बस र मिनीबसहरु काठमाण्डौ उपत्यका भित्र संचालन गर्ने व्यवस्था गत बर्ष जस्तै मिलाउने। यसका लागि गाडीहरुको विवरण र सम्बन्धित मन्त्रालयहरुले सामान्य प्रशासन मन्त्रालयलाई यथाशिघ्र उपलब्ध गराउने। | सामान्य प्रशासन मन्त्रालय | गृह मन्त्रालय रभौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तत्काल |
| ५. | दशैको र तिहारको सार्वजनिक बिदाका दिनहरुमा आकस्मिक सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित गर्न र हेलो सरकारबाट आउने गुनासोहरुको सम्बोधन गर्नका लागि सबै मन्त्रालय निकायहरुले आ-आफ्नो जिम्मेवार सहसचिव र उपसचिवहरुको पूर्ण विवरण (नाम, पद, मोवाईल नम्बर ) खुलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयमा उपलब्ध गराउने । | सम्बन्धित सबै मन्त्रालय/निकायहरु | सम्बन्धित मन्त्रालय/निकाय | गृह मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (व्यवस्थापन तथा जनशक्ति महाशाखा) | तत्काल |

| क्र.सं. | निर्णयहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| ६. | संविधानको धारा ५३ ले माग गरे बमोजिमको विवरण उपलब्ध गराउने र यस कार्यमा संलग्न हुनेमन्त्रालय/निकायका जिम्मेवार पदाधिकारीको सम्पर्क नम्बर सहितको विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधार महाशाखामापठाउने। | सम्बन्धित मन्त्रालय/निकाय | - | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (शासकीय सुधार महाशाखा) | तत्काल |
| ७. | प्रशासन पुनसंरचनाका लागि गठित समूहगत कार्यदलले तयार गरेको Functional Analysis (कार्य विश्लेगषण) को कार्य विस्तृतिकरण ( Unbundling)प्रतिवेदन उपर राय/प्रतिक्रियाका लागि सचिव स्वयंले अग्रसरता लिई प्रतिक्रिया पठाउने। तोकिएको ३ (तीन) दिनको समय सीमाभित्र प्रतिक्रिया प्राप्त नभएमा सम्बन्धित मन्त्रालय/निकायको स्वीकृती रहेको मानि कार्य अघि बढाईने छ। | सम्बन्धित सबै मन्त्रालय/निकायहरु | सम्बन्धित मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रशासन पुनसंरचना शाखा) | तत्काल |
| ८. | नेपालको संविधान बमोजिम पुनसंरचनाको कार्य सम्पन्न नभए सम्म अत्यावश्यक देखिएका स्थानीय निकायहरुमाबाहेक नयाँ दरवन्दी थप नगर्नेर अधिकृतस्तर वा सो भन्दा माथिको थप दरबन्दी सिर्जना नगर्ने । | सम्बन्धित सबै मन्त्रालय/निकायहरु | सम्बन्धित मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर |
| ९. | नेपाल सरकारबाट मनोनयन भई अध्ययन बिदामा बसी स्वीकृत बिदा अवधी समाप्त भएको९० नब्बे दिन पुरा हुँदा समेत कार्यालयमा अनुपस्थित भएका बेतलबी अध्ययन बिदा वा असाधारण बिदा लिई सो बिदा समाप्त भएको नब्बे दिन पुरा हुँदा समेत कार्यालयमा अनुपस्थित भएका र जुनसुकै कारणले बिदा स्वीकृत नगराई नब्बे दिन भन्दा बढी समयसम्म अनुपस्थित रहेका प्रत्येक कर्मचारीलाई बिभागीय सजायको आदेश दिन पाउने अधिकारीले निजामती सेवा ऐन २०४९ बमोजिम बिभागीय सजाय लगायतको कारबाहीको प्रक्रिया १५ दिन भित्र आरम्भ गरी सामान्य प्रशासन मन्त्रालयलाई जानकारी दिने । | सम्बन्धित सबै मन्त्रालय/निकायहरु | सामान्य प्रशासन मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (व्यवस्थापन तथा जनशक्ति महाशाखा) | तत्काल सुरु गरी निरन्तर |
| १०. | उपभोक्ता हित बजार अनुगमन तथा आपूर्ति व्यवस्थापनका | सम्बन्धित | प्रधानमन्त्री तथा | प्रधानमन्त्री तथा | निरन्तर |

| क्र.सं. | निर्णयहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| | सम्बन्धमा आउने  जनगुनासोका सम्बन्धमा आपूर्ति मन्त्रालयका अतिरिक्त सबै जिम्मेवार मन्त्रालय/निकायलेआ-आफ्नो जिम्मेवारी सक्रियतापूर्वक निर्वाह गर्ने । | मन्त्रालय/निकाय | मन्त्रिपरिषद्को कार्यालय (जनगुनासो शाखा) | मन्त्रिपरिषद्को कार्यालय (शासकीय सुधार महाशाखा) | |